STUDY IN ABROAD
AUSTRALIA I NEW ZEALAND
UK I USA I CANADA
IELTS I OET I PTE
Preparation Center
BEACON™
EDUCATION & VISA SERVICES
Study Abroad & Test Preparation Center
Siddhartha Chowk, Pokhara, Nepal
061 578812, 573093 9856031631, 9856071671
info@beaconedu.com.np

राष्ट्रिय दैनिक
पोखरापत्र
Pokharapatra National Daily

रू. १ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २२ ❑ अङ्क १५१ ❑ श्रेणी क्षेत्रीय ‘क’ ❑ २०७८ जेठ ३१ गते सोमबार ❑ 14 June 2021 ❑ पृष्ठ ४ ❑ मूल्य रू. २।-

५ वर्ष प्रदेश सभा र सरकार चल्नुपर्ने मान्यता राख्दै आएको निवर्तमान मुख्यमन्त्री गुरुङ

पोखरापत्र संवाददाता
पोखरा, ३० जेठ

गण्डकी प्रदेशका निवर्तमान मुख्यमन्त्री पृथ्वी सुब्बा गुरुङले आफुले प्रदेश सभा र प्रदेश सरकारहरु कम्तिमा ५ बर्ष चल्नुपर्ने मान्यता राख्दै आएको बताएका छन्। आइतबार पोखरामा आयोजित पत्रकार सम्मेलनमा वोल्दै उनले संघियताको नयाँ अभ्यास प्रदेश सरकार रहेकोले आफुले कम्तिमा प्रदेश सभा र सरकार ५ बर्ष चल्नु पर्ने मान्यता राख्दै आएको दाबी गरेका हुन्।

उनले भने “यो पृथ्वीसुब्बा गुरुङ एउटा निष्ठा के मा छ भने प्रदेश सभा र प्रदेश सरकारहरु ५ बर्षको कार्यकाल पुरा गर्न पाउनु पर्छ, संघिय सासन प्रणालीको सामर्थ, त्यसले देखाउने, प्रत्याभूति गराउने र केन्द्र सरकारमा धुलमुल भए पनि प्रदेश सरकार आफ्नै गतिमा चलि रहनु पर्छ । ” संघियताको पुस्ट्याईको लागि पनि प्रदेश सरकार ५ बर्ष निरन्तर रुपमा चल्नु पर्ने उनको भनाई छ।

एक स्वतन्त्र सांसद राजीव गुरुङ (दीपक मनाङे) लाई आफुले राम्रो गर्ने देखेर मन्त्री बनाय पनि पछि गठबन्दनमा गएको कारण गठबन्दन सरकार बनेको गुरुङले दाबी गरे । निर्वाचनका वेला देखि एमालेले सहयोग गर्दै आएको मनाङेलाई आफुहरुले चाहेको भए सांसद पद समेत खारेज गर्न सक्ने तर आफुहरुले त्यसो नगरेको समेत निवर्तमान मुख्यमन्त्री गुरुङले बताए। हाल गठन भएको गठबन्दन सरकारको आयू लामो नहुने उनको बनाई छ । आर्फे दलभित्र गुट उपगुट भएको अबस्थामा गठबन्दन सरकारको आयु कम हुने बिद्रोह हुन सक्ने निवर्तमान मुख्यमन्त्री गुरुङले बताए । गठबन्दनले हयार हतार रातरात आन्दोलन घेरा वन्दी गर्न कुनै आवश्यक नभएको उनको भनाई थियो । एउटा सरकार ढले पछि अर्को सरकार गठन गर्न र सभामुख बाहेक ५९ जनाले दाबी गर्न पाउने अधिकार भएको बताउदै गरुङले आफ्नो मुख्यमन्त्रीमा प्रदेश प्रमुख कार्यालय समक्ष दाबी पेश गर्नू भन्दा पनि आफ्नो पक्षमा २७ जना सांसद रहेको त्यसको लिष्ट पेश गरेको जनाए । गठबन्दनले भनेभैं सारा हर्कद गरेर मुख्यमन्त्रीमा टिक्ने आफ्नो कुनै योजना नभएको निवर्तमान मुख्यमन्त्री गुरुङको दाबी छ । उनले प्रमुख प्रतिपक्षको रुपमा आफुहरुको भूमिका अब गठबन्दन सरकारलाई रचनात्मक सहयोग गर्ने बताए।

विधि पुर्‍यायरै जान खोज्दा विपक्षि गठबन्दनका मुख्यमन्त्री नियुक्तिमा केही ढिलाई भएको गुरुङले दाबी छ । उनले भने “मुख्यमन्त्रीलाई वलका आधारमा वल देखायर फाल्न खोज्ने, हामीले पहिले देखी भन्दै आएका थियौ की हामी विधि अनुसार जान्छौं त भनेकै थियौं, केही समय कुर्न सकिदैन, गठबन्दनले जंगली असभ्य व्यवहार प्रर्दशन गर्‍यो । संघियताको कान्वयनमा आफु संघ सरारसंग लड्दै एकता सघर्ष गर्दै आएको बताए । प्रदेशको स्वायत्तता कायम गरेर काम गर्नु पर्ने निवर्तमान मुख्यमन्त्री गुरुङले बताए । बहुउद्धेश्यका योजनामा पुरा गरे प्रदेश सरकारको निश्चित अवधिमा देखिने गरी केही काम हुने उनको दाबी छ। प्रदेशमा एमाले दलको नेता भएको नाताले पार्टी भित्र आफ्नो फुर्सदको समय भरपूर्ण रुपमा सदुपयोग गर्ने उनले दाबी गरे । उनले भने “पार्टी भित्र जुन प्रकारको विक्राम छ, त्यसले पनि सिंगो राजनीति र त्यसको प्रभाव हाम्रो प्रदेशमा पनि पर्‍यो, त्यसको मागमा म पनि परे ।” नेपालमा एउटा प्रबृत्तिले गर्दा नेपालका राजनीतिमा उथलपुथल ल्याउने काम भएको निवर्तमान मुख्यमन्त्री गुरुङले जनाए। उनले भने “के चिज नेपालमा छ, अदृश्य शक्तिले पार्टी र नेताहरु बिरुद्ध विभाजन गरी बिक्राम गराउने काम भएको उनले जनाए।” उनले भने “सवै समस्याको जड प्रधानमन्त्री केपी शर्मा ओली होइनन प्रधानमन्त्री र ठुलो पार्टीको अध्यक्ष भएको नाताले एउटा पात्र उहाँ पनि हुनुहोला, अन्य पार्टीको यसमा प्रतिपक्षको भूमिका के, राजनीतिक दलहरुले अब आफ्नो भूमिका परिवर्तन गर्नुपर्छ।”

आजको दिनमा कहाँ चाहि आइसब्रेक गर्नु पर्ने रैछ त्यसको अबस्था मुख्यमन्त्रीले थाहा पाउने उनले जनाए । प्रदेश सरकार बलियो हुनु पर्छ भन्ने भूमिकामा प्रतिपक्ष दलको नेता भएको नाताले फरक परे पनि निष्ठामा कुनै फरक नपर्ने उनले जनाए। उनले प्रदेशमा सरकार सञ्चालनका क्रममा सहयोग पुर्‍याउने सत्ता साझेदार र प्रतिपक्षी सबै राजनीतिक दल, कर्मचारीतन्त्र, सुरक्षा निकाय, पत्रकार, नागरिक समाज, समर्थक शुभचिन्तक सबैलाई सहयोगका निम्ति हार्दिक धन्यवाद व्यक्त गरे।

आयोगद्वारा जसपाका दुवै समूहको माग दावी अस्वीकार

रासस
काठमाडौं, ३० जेठ

निर्वाचन आयोगले जनता समाजवादी पार्टी(जसपा) का दुवै (महन्थ-उपेन्द्र) समूहले पदाधिकारी निष्काशन र सोको अद्यावधिक गर्ने विषयमा गरेको माग दावीलाई अस्वीकार गरेको छ।

आयोगको आइतबारको बैठकले राजनीतिक दलसम्वन्धी ऐन, २०७३ को दफा ५१ बमोजिम दुवै समूहको मागदावीअनुसार दल अद्यावधिक गर्न नमिल्ने निर्णय सुनाएको हो । एउटै दलका एक अर्को अध्यक्षबाट पदाधिकारीलाई पार्टीका सदस्यसमेत नरहने गरी हटाएको वा निष्काशन गरेको कार्य पदाधिकारीको हेरफेरको विषयअन्तर्गत पर्ने नदेखिँदा दुवै पक्षको निवेदन माग अद्यावधिक गर्न कानूनत मिल्ने नदेखिएको आयोगका प्रवक्ता राजकुमार श्रेष्ठले जानकारी दिए।

पार्टी अध्यक्षद्वय महन्थ ठाकुर र उपेन्द्र यादवले एक अर्का समूहका पदाधिकारीलाई पार्टीका सदस्यसमेत नरहने निष्काशन गरी सोको अद्यावधिक गर्न आयोगमा निवेदन दिएका थिए । अध्यक्ष यादवको अध्यक्षतामा बसेको केन्द्रिय कार्यकारीणी समितिको जेठ १७ गते बैठकले पार्टी विधान, निर्णय र नीति विपरित कार्य गरेको जनाउँदै अध्यक्ष ठाकुर, सदस्यत्रय राजेन्द्र महतो, सर्वेन्द्रनाथ शुक्ल, लक्ष्मणलाल कर्णसमेत चार जनालाई पार्टी सदस्यसमेत नरहने गरी निष्काशन गरेको दलको दर्ता किताववाट नाम हटाई अध्यावधि गरिदिन जेठ १८ गते आयोग समक्ष निवेदन दिएको थियो।

अर्का अध्यक्ष ठाकुरको अध्यक्षतामा जेठ १८ गते बसेको बैठकले समितिमा रहनुभएका यादवले पार्टी विधान, नीति र निर्णय विरित कार्य गरेकाले निजलाई पार्टीको विधानअनुसार अनुशासनसम्वन्धी कारबाही गरी साधारण सदस्यसमेत नरहने गरी निष्काशन गरिएकाले दर्ता किताबबाट यादवको नाम हटाएर अद्यावधि गर्न सोही दिन पत्र पठाएको थियो।

बाँकी अन्तिम पृष्ठमा ▶▶

सिद्धार्थ राजमार्ग एकतर्फी पुनः संचालन

पोखरापत्र संवाददाता
पोखरा, ३० जेठ

शनिवार रातीदेखि परेको अविरल बर्षादले स्याङ्जाको भालुपहाडमा पहिरो खस्दा सिद्धार्थ राजमार्ग अवरुद्ध भएको छ।

आइतबार बिहानदेखि अवरुद्ध रहेको सिद्धार्थ राजमार्ग पुनः सञ्चालन भएको छ । बिहान साढे ६:०० बजेदेखि स्याङ्जाको फेदीखोला गाउँपालिका-२ भालुपहाडस्थित सिद्धार्थ राजमार्गमा माथिबाट खसेको पहिराले पूर्णरूपमा अवरुद्ध बनेको सडक झण्डै पाँच घण्टापछि एकतर्फी सञ्चालनमा आएको जिल्ला प्रहरी कार्यालयका प्रहरी नायब उपरीक्षक राजेन्द्रप्रसाद अधिकारीले जानकारी दिए।

सडकभन्दा माथिबाट चट्टानसहित झरेको पहिराका कारण सिद्धार्थ राजमार्गको पोखरा-स्याङ्जा सडकखण्ड अवरुद्ध बन्न पुगेको थियो। भालुपहाडमा सडक विस्तार गरिएको ठाउँमा पहिरो झरेको थियो। पोखराबाट आएको सडक विभागको डोजरले बाटो खुलाएसँगै अहिले त्यहाँ रोकिएका सवारी साधन गन्तव्यतर्फ लागेका छन्। अहिले एकतर्फी खोलेर पुनः सञ्चालन गरिएको छ । दुईतर्फी खुलाउन पहल भइरहेकाले अझै केही समय लाग्ने छ।

कास्कीमा असार ७ गतेसम्म निषेधाज्ञा थप

पोखरापत्र संवाददाता
पोखरा, ३० जेठ

कास्की जिल्लामा जेठ ३१ गते राति १२ बजेदेखि लागू हुनेगरी असर ७ गते राति १२ बजेसम्मका लागि निषेधाज्ञा थप गरिएको छ।

कास्की प्रशासनले नयाँ भेरियन्ट सहितको कोभिड १९ को संक्रमणदरमा केहि कमि आएको भएतापनि स्थिति अपेक्षाकृत नियन्त्रणमा आइनसकेको भन्दै यस अघि लागु गरेको निषेधाज्ञामा निर्माणजन्य पसललाई केहि खुला गरी निषेधाज्ञा थप गरेको हो।

जिल्ला कोभिड व्यवस्थापन केन्द्रको आइतबारको बैठकले उक्त निर्णय गरेको हो । कास्की जिल्लामा वैशाख १५ गतेदेखि निषेधाको आदेश जारी भएको थियो । संक्रमण दर बढ्दै गएपछि जेठ ३१ गतेसम्म लागु गरिएको निषेधाज्ञामा पुनः समय थप गरिएको हो।

जिल्ला प्रशासन कार्यालय कास्कीका अनुसार निषेधाज्ञामा यस अघिको समयमा १ घण्टा थप गरी अत्यावश्यक खाद्य सामग्री खरिद बिक्रीका लागि बिहान ५ बजे देखि १० बजेसम्म खुला रहने भएको छ। यसपाली बिकास निर्माण जन्य सामाग्रीका पसलहरु ५ देखि ७ बजेसम्म खुल्ने भएका छन्।

उपत्यकामा एक साता निषेधाज्ञा थप : केही सहजीकरण

रासस
काठमाडौं, ३० जेठ

काठमाडौँ उपत्यकाका केही सेवामा सहजीकरण गर्दै असार ७ गते राति १२ बजेसम्मका लागि निषेधाज्ञा थप गरिएको छ।

काठमाडौँ उपत्यकाको तीन जिल्ला (काठमाडौँ, ललितपुर र भक्तपुर) का प्रमुख जिल्ला अधिकारीसहित आइतबार बसेको संयुक्त बैठकले केही खुकुलो पार्दै निषेधाज्ञाको आदेश थप गर्ने निर्णय गरेको काठमाडौँका सहायक प्रमुख जिल्ला अधिकारी कल्पना घिमिरेले जानकारी दिए।

यसपालिको आदेशमा भने अत्यावश्यक खाद्य सामग्री खरीद/विक्रीका लागि बिहान ११ बजेसम्मको समय तोकिएको छ । यसअघि ९ बजेसम्मका लागि मात्रै खुला थियो । तरकारी, फलफूल, खाद्यान्न, दूध, डेरीजन्य परिकार, मासु, खानेपानी, ग्यास पसल, किराना, डिपार्टमेन्टल स्टोर्स (ग्रोसरी मात्र) खुला हुनेछ । स्थानीय ढुवानीका साधन भने राति ९ बजेदेखि बिहान ११ बजेसम्म सञ्चालन गर्न पाइनेछ।

आगामी बजेटमा खोपलाई पहिलो प्राथमिकता दिन आग्रह

पोखरापत्र संवाददाता
पोखरा, ३० जेठ

नेपाली काँग्रेस कास्कीका पदाधिकारी र क्षेत्रीय सभापतिले आइतबार गण्डकी प्रदेशका मुख्यमन्त्री कृष्णचन्द्र पोखरेल नेपालीसँग भेटघाट गरेका छन्।

कास्की काँग्रेसका सभापति कृष्ण केसी नेतृत्वको गएको टोलीले मुख्यमन्त्रीलाई बधाई ज्ञापन गरी केही सुझाव समेत दिएको प्रवक्ता नवीन सिग्देलले जानकारी दिए । कास्की काँग्रेसका सभापति केसीले कोरोना महामारीका कारण जनता समस्यामा रहेकाले जनताका लागि अत्यावश्यक कार्यक्रमलाई आगामी बजेटमा प्राथमिकता दिन आग्रह गरे । ‘यतिबेला कोभिड विरुद्धको खोप पहिलो प्राथमिकता हो, उहाँले भन्नुभयो- गण्डकी प्रदेशका नागरिकलाई खोप दिन सक्ने गरी बजेट व्यवस्था गर्न आवश्यक छ।’

सभापति केसीले कोरोनाबाट प्रभावित व्यवसायी, शिक्षक, मजुदर लगायतका क्षेत्रलाई राहत हुने गरी कार्यक्रम ल्याउन पनि अनुरोध गरे। सभापति केसीसहित उपसभापति आइ बहादुर गुरुङ, सचिव देवेन्द्र रानाभाट, कोषाध्यक्ष लक्ष्मी पाण्डे, सहसचिव रङ्गिला आचार्य, प्रवक्ता नवीन सिग्देल, क्षेत्र नं २ का सभापति माधव बास्तोला ‘मधु’ र क्षेत्र नं ३ का सभापति पोषनाथ शर्माको टोली पुगेर मुख्यमन्त्रीलाई बधाई ज्ञापन गरेको थियो।

सुपथ मूल्यमा आकर्षक छपाइ
पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस्।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. -५२०६५१

नेलम्बोद्वारा जनआन्दोलनका घाइतेदेखि वडा स्वास्थ्य चौकीसम्म करिब एक लाख भन्दा बढीको सहयोग

पोखरापत्र संवाददाता
पोखरा, ३० जेठ

पोखरा स्थित नेलम्बो नेपालले जनआन्दोलनका घाइते देखि वडा स्वास्थ्य चौकीसम्म करिब एक लाख भन्दा बढीको स्वास्थ्य सामाग्री सहयोग गरेको छ।

नेलम्बो नेपालले कोरोना रोकथाम र यसको व्यबस्थापनमा आफ्नो क्षेत्रबाट थोरै भएपनि सहयोग पुग्ने उद्धेश्यले पछिल्लो समयमा कास्की र स्याङजामा गरी करिब एक लाख भन्दा बढीको स्वास्थ्य सामाग्री सहयोग गरिएको संस्थाका अध्यक्ष एकदेव देवकोटाले बताए । २०६२/०६३ का जनआन्दोलन घा इते उमनाथ शर्मालाई नेलम्बोले औषधीको साथमा खाद्य सामाग्री सहयोग गरेको छ । पर्वत महाशिला गाउँपालिका ५ घर भई हाल पोखराको सिमलचौर अस्थायि रुपमा बसोबास गर्दै आएका शर्मालाई कोरोनाले गर्दा हाल जीवन यापन गर्न कठिन भएकोले नेलम्बो नेपालले करिब एक महिनामालाई पुग्ने औषधी, खाद्य सामाग्री गरी ४ हजार ३ सय ८८ रुपैया बराबरको सहयोग गरेको अध्यक्ष देवकोटाले बताए। त्यसै गरी नेलम्बो नेपालले पोखरा महानगरपालिका वडा नम्बर १ को कार्यालयलाई २० हजार ७ सय ३२ रुपैया बराबरीका स्वास्थ्य सामाग्री सहयोग गरेको छ । त्यसै गरी नेलम्बो नेपालले पोखरा १ को वडा कार्यालयमा रहेको शहरी स्वास्थ्य केन्द्रलाई २८ हजार ३ सय १२ रुपैया मुल्य बराबरको आवश्यक स्वास्थ्य सामाग्री उपलब्ध गराएको छ। स्याङजाको गल्याङ नगरपालिका ६ मा बसोवास गर्ने करिब ४ हजार जनसङख्यालाई लक्षित गरी पोखरामा रहेको चिल्ड्रेन फेवफियर सिमि नेपाल (सिडब्लुएसएन) लाई ४९ हजार ४० रुपैया मुल्य बराबरको स्वास्थ्य सहयोग हस्तान्तरण गरिएको नेलम्बो नेपालले जनाएको छ। यस संस्थाले शिक्षा, स्वास्थ्य लगायतका क्षेत्रमा काम गर्दै आएको देवकोटाले जनाए।

पत्रकार महासंघलाई स्वास्थ्य सुरक्षा सामग्री सहयोग

पोखरापत्र संवाददाता
पोखरा, ३० जेठ

औषधी व्यवसायी संघ गण्डकी प्रदेश समितिले फ्रन्टलाइनमा खटिने संचारकर्मीहरुलाई स्वास्थ्य सुरक्षा सामग्री सहयोग गरेको छ।

पत्रकार महासंघ गण्डकी प्रदेशको सभाहलमा उपस्थित पत्रकार महासंघ गण्डकी प्रदेशका महासचिव गोविन्द सुवेदी, सचिव यदुनाथ बञ्जारा र महासंघ कास्की शाखा अध्यक्ष विमला भण्डारीलाई संयुक्त रुपमा औषधी व्यवसायी संघ गण्डकी प्रदेशका अध्यक्ष कृष्ण प्रसाद पाण्डे, महासचिव केशरी तिवारी, जिल्ला अध्यक्ष विक्रम पन्तले स्वास्थ्य सुरक्षा सामग्री हस्तान्तरण गरेका थिए। औषधी व्यवसायी संघले सर्जिकल मास्क, सेनिटाइज, भिटामिन ट्र्याव्लेट, सिटामोल, जिंक चक्की उपलव्ध गराएका छन्।

फिल्डमा खटिने देखि कोरोना भई आइसोलेसनमा वसिरहेका पत्रकारहरुलाई समेत लक्षित गरी सहयोग उपलव्ध गराएका छन् । स्वास्थ्य सामग्री हस्तान्तरणका क्रममा वोल्दै औषधी व्यवसायी संघ गण्डकीका अध्यक्ष कृष्ण प्रसाद पाण्डेले अग्र पंक्तिमा खटिने पत्रकारहरुलाई सुरक्षित राख्न सकिन्छ कि भन्ने धेयले व्यवसायीहरुको सहयोगमा स्वास्थ्य सुरक्षा सामग्री उपलव्ध गराइएको वताए।

सामग्री ग्रहण गर्दै महासचिप गोविन्द सुवेदी र जिल्ला अध्यक्ष विमला भण्डारीले धन्यवाद व्यक्त गरेका थिए।

गण्डकीमा थप ३४७ संक्रमित, ७ को मृत्यु

पोखरापत्र संवाददाता
पोखरा, ३० जेठ

पछिल्लो २४ घण्टामा कास्की जिल्लामा थप १५२ जनामा कोरोना संक्रमण पुष्टि भएको छ। कास्कीमा ८२ जना पुरुष तथा ७० जना महिला गरी १५२ जनामा कोरोना भाइरस देखिएको प्रदेश स्वास्थ्य निर्देशनालय पोखराले जनाएको छ।

पछिल्लो २४ घण्टामा प्रदेशमा १ हजार २८० जनाको नमुना परीक्षण गरिएकोमा गण्डकी प्रदेशमा थप ३४७ जनामा कोरोना पोजेटिभ देखिएको विज्ञप्ति मार्फत निर्देशनालयले उल्लेख गरेको छ।

कास्कीका १५२ सहित म्याग्दीका २१ जना, पर्वतका ३ जना, गोरखाका २४ जना, लमजुङका १४ जना तनहुँका ४७ जना, स्याङ्जाका ४५ जना र नवलपुरका ४१ जना गरी प्रदेशका ८ जिल्लामा १८० पुरुष तथा १६७ जना महिलामा कोरोना पुष्टि भएको हो।

योसँगै गण्डकी प्रदेशमा कोरोना संक्रमितको कुल संख्या ५० हजार ३०४ पुगेको छ। पछिल्लो २४ घण्टामा ४७३ जना निको भएसँगै प्रदेशमा संक्रमणमुक्त हुनेको संख्या ४३ हजार ६१९ पुगेको छ। पोखराका अस्पतालहरुमा उपचाररत ५ जनासहित गण्डकी प्रदेशका थप ७ जना कोरोना संक्रमितहरुको मृत्यु भएको छ। निर्देशनालयका अनुसार प्रदेशमा कोरोना संक्रमणबाट निधन हुनेको संख्या ८३८ पुगेको छ। कोरोनाबाट ज्यान गुमाउनेहरुमा कास्की जिल्लाका १ जना, तनहुं जिल्लाको २ जना, बाग्लुङ जिल्लाको १ जना, मुस्ताङ जिल्लाको १ जना, स्याङ्जा जिल्लाको १ जना र नवलपुर जिल्लाका १ जना रहेको प्रदेश स्वास्थ्य निर्देशनालय पोखराले जनाएको छ।

आयोगद्वारा...

आयोगले यसबीचमा आयोगले दुवै पक्षलाई केन्द्रिय समितिको निर्णयको प्रतिलिपी उपलब्ध गराउन माग गरेकामा दुवै पक्षले आयोगको माग अनुसारको विवरण बुझाएका थिए।

आयोगको निर्णयमा भनिएको छ, 'एकजना अध्यक्षबाट मात्र हस्ताक्षर भई आएको विषयलाई प्रमुख पदाधिारीबाट जानकारी गराएको विषय हो भनी भन्न सकिएन। राजनीतिक दलसम्वन्धी ऐन अनुसार विवरण अद्यावधिक गरिदिन भनि जानकारी गराएको विषयलाई कानून र दलको विधान सम्मत मान्न मिलेन।' आयोगको अर्को निर्णयमा भनिएको छ- एउटै दलका दुई अध्यक्षले सो दलका पदाधिकारीलाई दलबाट निष्काशनको कारवाही अद्यावधिकका लागि अनुरोध भै आएको विषयलाई कानून सम्मत हो भनी मान्न मिलेन। एक अर्का अध्यक्षलाई पार्टीका साधारण सदस्यसमेत नरहने गरी निष्काशन गरेको कार्य र दलका पदाधिकारी हेरफेर वा फेरवदलसँग सम्वन्धीत मात्र नभई एउटै दलका दुई अध्यक्षबीचको विवादको विषय बन्न जान्छ । आयोगले अद्यावधिकका लागि गरिएको माग दावीसम्वन्धी भएको निर्णयको जानकारी दुवै अध्यक्षलाई दिने निर्णय पनि गरेको छ।



कोभिड-१९ व्यवस्थापन सम्बन्धि परिवारका सदस्यले जान्नैपर्ने यी पाँच चरण

चरण १ पीसीआर परीक्षण: यदि कसैलाई कोभिड-१९ संक्रमण भएको आशंका लागेको छ भने तुरुन्त पीसीआर परीक्षण गराऔं

चरण २ संक्रमितको हेरचाह: संक्रमितलाई छुट्टै कोठामा राखौं, पौष्टिक खानेकुरा खुवाऔं, आराम गराऔं र संक्रमितले प्रयोग गरेका सामान अलग्गै राखौं

चरण ३ ज्वरो र अक्सिजनको स्तर: प्यारासिटामोल खुवाउँदा पनि ज्वरो नरोकिए भिजेको चिसो कपडा संक्रमितको निधारमा राखौं। पल्स अक्सिमिटरले संक्रमितको शरीरको अक्सिजनको स्तर जाँच गरौं। शरीरको अक्सिजनको स्तर बढाउन संक्रमितलाई घोप्टो परेर सुत्न लगाऔं

चरण ४ अस्पताल कुन बेला लग्ने: शरीरमा अक्सिजनको मात्रा कम भई अप्ठ्यारो महसुस भएमा, संक्रमित स्वयंले आफ्नो हेरचाह गर्न नसक्ने देखिए वा बोली लरबरिन थालेमा तुरुन्त अस्पताल लगौं

चरण ५ परिवारका अन्य सदस्य सतर्क रहने: एक व्यक्तिले मात्र संक्रमितको हेरचाह गरौं, परिवारका अन्य सदस्यलाई पनि कोभिड-१९ का लक्षणहरु देखिन सक्ने भएकाले सतर्क रहौं

संक्रमित र परिवारका अन्य सदस्यको मानसिक स्वास्थ्यको विशेष ख्याल राखौं

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

पूर्वमुख्यमन्त्रीलाई सुविधा उपलब्ध गराउने निर्णय

पोखरापत्र संवाददाता
पोखरा, ३० जेठ

गण्डकी प्रदेश सरकारले पूर्व मुख्यमन्त्रीलाई सुविधा उपलब्ध गराउने निर्णय गरेको छ।

शनिबार कृष्णचन्द्र नेपाली पोखरेलको नेतृत्वमा नयाँ सरकार गठन भएपछि आइतबार बसेको पहिलो मन्त्रिपरिषद्को बैठकले पूर्व मुख्यमन्त्रीलाई सुविधा उपलब्ध गराउने निर्णय गरेको हो। कार्यविधि बनाएर सुविधा निर्धारण गरिने जनाइएको छ। बैठकले सरकारको प्रवक्ताको जिम्मेवारी मन्त्री कुमार खड्कालाई तोकेको छ।

बैठकमा सरकारको आगामी नीति तथा कार्यक्रमलगायत विषयमा छलफल भएको प्रवक्ता खड्काले जानकारी दिए।

स्याङ्जामा असार ७ गतेसम्म निषेधाज्ञा

पोखरापत्र संवाददाता
स्याङ्जा, ३० जेठ

स्याङ्जामा आगामी असार ७ गतेसम्म निषेधाज्ञा थप गरिएको छ । गत वैशाख २१ गतेदेखि शुरु भएको निषेधाज्ञा कोरोना संक्रमितको संख्या बढ्दै गएपछि थप गर्दै लगिएको हो।

प्रमुख जिल्ला अधिकारी दिपकराज नेपालद्वारा आइतबार जारी गरिएको सूचनामा अझै पनि जोखिम कायम रहेकाले निषेधाज्ञा असार ७ गतेसम्म कायम रहने जनाइएको छ।

पोखरेली मनको पोखरामा सहयोग

पोखरापत्र संवाददाता
पोखरा, ३० जेठ

पोखरेली मनमा आवद्ध एक समुहले पोखरामा आइतबार खाद्य सामाग्री सहयोग हस्तान्तरण गरेको छ।

कोभिड १९ बाट प्रभावित भएका असक्त, असाय ४० घर घर परिवारलाई खाद्यान्न सामाग्री वितरण गरिएको कार्यक्रम संयोजक आनन्द तझ्याकाजीले बताए।

पोखरेली मनमा आबद्ध व्यत्तिहरुकै सहयोगबाट जनही करिब १ हजार ५ सय बराबरको खाद्य सामाग्री वितरण गरिएको उनले जनाए। देव बहादुर पुन, कल्पना पाण्डे, अचुत मान सिंह, कृष्ण अर्याल, महेन्द्र गिरि, अनुज शेरचन, दीप राज थापा, जय राम पाण्डे, लक्ष्मण अधिकारि, सिता तुलाधर, खुसियाली सुब्बा, बिष्णु माया कायस्थ, सोम माया श्रेष्ठ लगायतको सहयोग प्राप्त भएको पोखरेली मनले जनाएको छ।

रक्तदान जीवनदान
जीवनदान महादान

२४०७ जनामा संक्रमण पुष्टि

पोखरापत्र संवाददाता
पोखरा, ३० जेठ

पछिल्लो २४ घण्टामा २४०७ जनामा संक्रमण पुष्टि भएको छ। यसमध्ये पीसीआर विधिबाट १६९४ जना र एन्टिजेन विधिबाट ७१३ जनामा संक्रमण पुष्टि भएको हो।

यसमध्ये काठमाडौँ उपत्यकामा ६५३ जना संक्रमित थपिएका छन् । भक्तपुरमा ५८ जना, ललितपुरमा ११२ जना र काठमाडौँमा ४८३ जना संक्रमित फेला परेका हुन्।

यही अवधिमा थप ३९९४ जना संक्रमणमुक्त भएका छन् भने ४६ जनाको मृत्यु भएको छ। हाल नेपालमा सक्रिय संक्रमितको संख्या ६८ हजार ९५५ रहेको छ।

कपालको उपचार
कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने
के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?
● कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
● चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
● कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
● कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



सम्पर्कः पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

के तपाईमा यौनसम्बन्धी समस्या छ
पुरूषमा देखिने: शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङ्ग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङ्गको आकार सानो हुने आदि ।
महिलाहरूमा देखिने: स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडबडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।
सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।
मलद्वार सम्वन्धी रोग : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।
महिला वा पुरुषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार
जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म
सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८४६०४११३१
नोट : नयाँ तथा पुराना बिरामीहरूले यथाशीघ्र सम्पर्क गर्नुहोला।

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

सुक्तिसुधा

नैतिक कामका लागि पनि अनैतिक काम नगर्नुस् ।

– थमस हाडी

सम्पादकीय

एकताको सुखद सन्देश

नेकपा एमाले एकताबद्ध हुँदा वाग्मती र प्रदेश १ सरकारको नीति तथा कार्यक्रम पारित भएको छ। नेकपा हुँदा भण्डै ढल्न पुगेका वाग्मती प्रदेशका मुख्यमन्त्री डोरमणि पौडेल र प्रदेश १ का मुख्यमन्त्री शेरधन राई प्रदेशसभामा एमाले एकढिक्का भएपछि जोगिएका छन। एमाले एकढिक्का भएपछि प्रदेश १ मा जेठ २७ गते प्रदेश प्रमुख सोमनाथ अधिकारीले प्रस्तुत गरेको नीति तथा कार्यक्रम आइतबार प्रदेशसभाबाट सहजै पारित भएको हो। ९३ सदस्य रहेको प्रदेश १ को प्रदेशसभामा एमालेका ५१ सदस्य छन्।

नीति तथा कार्यक्रम निर्णयार्थ पेश गर्ने अघिल्लो दिन मुख्यमन्त्री राई र माधव नेपाल पक्षीय नेता भिम आचार्यबीच संवाद भएको थियो । आचार्यले पार्टी केन्द्रमा जे भए पनि आफ्नो समुहले सरकारलाई साथ दिने सन्देश दिएका थिए ।वाग्मती प्रदेशमा शनिबार सरकारको नीति तथा कार्यक्रम पारित भएको छामुख्यमन्त्री डोरमणि पौडेल र एमाले नेतृ अष्टलक्ष्मी शाक्यबीच सहमति भएको कारण पारित हुन सहज बनेको हो।

नेकपा एमाले भित्र चर्किएको विवादले गर्दा बहुमत भएर पनि कर्णाली प्रदेशमा सरकार बनाउने मौका गुमाएको छ । केन्द्रमा देखापरेको विवादलाई प्रदेशमा पर्न दिँदा कर्णाली एकल बहुमतको सरकारको नेतृत्व गर्ने अवसर गुमाएको छ। सुदूरपश्चिममा पनि एमालेको निर्णय कार्यान्वयन नहुँदा अन्योल देखिएको हो। सुदूरपश्चिममा नेता भिम रावलले सबैलाई मिलाउन नसक्दा प्रदेश सभामा भाँडभैलो देखिएको छ।

लुम्बिनी प्रदेशमा शंकर पोखेलको सरकारलाई हटाउन चालिएको कदम सफल हुन नसकेका कारण जसपाको समर्थनले बहुमत पुगेको छ। एमालेमा देखिने गुटबन्दीले गर्दा सरकार ढल्ने र पार्टी कमजोर बनाउने काम हो। सरकारको नीतिले पार्टीलाई बलियो बनाउन् हुनुप् जनतामा विश्वासको वातावरण बनाउन सघाउने हुनुपर्छ। एकताबद्ध हुदाको फाईदा कार्यकर्ताले पाउने वातावरण हुनुपर्छ।

तपाईको आज

मेष : सम्मान मिल्नेछ
वृष : मन चञ्चल
मिथुन : शत्रुको भय
कर्कट : मानसिक तनाब
सिंह : आर्थिक समस्या
कन्या : कार्यमा सफलता
तुला : ब्यापारमा लाभ
वृश्चिक : सत्कार मिल्नेछ
धनु : शारिरीक झमेला
मकर : अप्रत्यसित लाभ
कुम्भ : सहयोग मिल्नेछ
मीन : झमेला बड्ने

हरिसिद्धि भविश्यवाणी केन्द्र

पोखरा–१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस्।

महिला लाभान्वित हुने मौद्रीक नीति ल्याउन आग्रह

रासस

काठमाडौं, ३० जेठ

लघुवित्त सङ्घ नेपालले किस्ता तिर्ने समयअवधी थप गर्न र कर्जा पुनर्तालिकीकरण गर्न सरकारसँग माग गरेको छ।

अर्थ मन्त्रालयका सचिव शिशिर ढुङ्गानालाई भेटेर सङ्घको टोलीले कोरोना प्रभावितहरूका लागि सहुलियत दरमा पुनर्कर्जा उपलब्ध गराउन पनि आग्रह गरेको छ। सङ्घका अध्यक्ष जगत पोखरेलको नेतृत्वमा गएको टोलीले लघुवित्त वित्तिय संस्थाहरूलाई दिएको राहतले ग्रामीण क्षेत्रका न्यून आएका भएका महिला लाभान्वित हुने भएकाले उनीहरूलाई सम्झेर राहतमा उदारता देखाउन आग्रह गरेको थियो।

सङ्घको टोलीले बुझाएको ज्ञापनपत्रमा कोरोनाभाइरसको महामारीबाट अति प्रभावित ऋणी ग्राहकको ब्याज अनुदान दिनुपर्ने, वचतकर्ता समूह सदस्यहरूको व्याज आयमा कर छुट गर्नुपर्ने, सरकारले उपलव्ध गराउने राहत प्याकेज लघुवित्त प्रदायक सस्थामार्फत उपलब्ध गराउनु उपयुक्त हुनेलगायत सुझाव उल्लेख गरिएको छ । राष्ट्र बैंकले नयाँ आर्थिक वर्षका लागि ल्याउन लागेको मौद्रिक नीतिमार्फत आफ्ना मागहरू सम्बोधन गराउन अर्थ सचिव ढुङ्गानालाई ज्ञापनपत्र बुझाइएको सङ्घकी उपाध्यक्ष भगवती चौधरीले जानकारी दिनुभयो।

पर्यटक तान्न सङ्ग्रहालय र दृश्यावलोकन स्तम्भ निर्माण

पोखरापत्र संवाददाता

लमजुङ, ३० जेठ

लमजुङमा पर्यटक तान्न सङ्ग्रहालय र दृश्यावलोकन स्तम्भ निर्माण भएको छ । जिल्लाको मर्स्याङ्दी गाउँपालिका–३ सिउरु गाउँमा सङ्ग्रहालय र दृश्यावलोकन स्तम्भ निर्माण भएको हो।

प्रदेश सरकारको रु २० लाख र स्थानीयको श्रमदान रु दुई लाख पाँच हजार गरी २२ लाख रु पाँच हजारमा सङ्ग्रहालय र दृश्यावलोकन स्तम्भ निर्माण भएको बताइएको छ । गुरुङ समुदायको पहिचान तथा परम्पराको संरक्षण गर्दै पर्यटकलाई लोभ्याउनका लागि सङ्ग्रहालय निर्माण गरिएको सिउरुङ पर्यटन समितिका सदस्य परकाशी गुरुङले बताउनुभयो । सङ्ग्रहालयमा गुरुङ जातिको भेषभूषा, गुरुङ जातिले प्रयोग गर्ने ढिकी जाँतो, ठेकी, राडीपाखीलगायत जन्मदेखि मृत्युसम्म प्रयोग गरिने सबै सामग्री राखिने उहाँको भनाइ छ। त्यस्तै सोही स्थानमा दृश्यावलोकन स्तम्भ पनि निर्माण गरिएको छ। नवनिर्मित स्तम्भबाट सिउरुङ गाउँ, मर्स्याङ्दी नदी, हिमाललगायत विभिन्न रमणीय दृश्य देख्न सकिने छ । गाउँमा घरवास (होमस्टे) समेत रहेकाले यहाँ आउने पर्यटकहरुलाई भुलाउँदै उनीहरुको बसाइ लम्बाउन मद्दत पुग्ने विश्वास गरिएको छ।

विसं २०६५ बाट शुरु भएको सिउरुङ घरवासमा हाल १९ वटा घरवास सञ्चालन गरिएको छ । सिउरुङगाउँमा १२० घरधुरी रहेको छ। मनास्लु हिमालको काखमा रहेको सो होमस्टे समुन्द्री सतहदेखि एक हजार ८५४ मिटरको उचाइमा रहेको छ । गाउँकै सामुन्ने ऐना जस्तै गरी देखिने मनास्लु हिमश्रृंखलामा पर्ने हिमालचुली, ङादीचुलीलगायतका हिमालले सिउरुङ गाउँको सुन्दरता थपेको छ। सूर्योदय र सूर्यास्तको मनोरम दृश्यले पर्यटकलाई लोभ्याउने गरेको छ । घरवासमा पुग्ने पर्यटकलाई स्वच्छ खाना, स्थानीय कुखुराको मासु, गाउँमै उत्पादित सागसब्जीलगायतको परिकारहरु खुवाउने गरिन्छ। साथै, गुरुङ समुदायको सांस्कृतिक पर्वहरु कृष्ण चरित्र, घाँटु, सोरठीलगायतका नाचहरु हेर्न र रोदी बस्न पाइन्छ।

बैंसीशहरबाट पर्यटकका लागि सिउरुङ गाउँ पुग्नलाई २४ किलोमिटर जिपमा यात्रा गर्नपर्छ। दैनिक पर्यटकको भीडभाड लाग्ने गर्ने यहाँ यतिबेला निषेधाज्ञाका कारण सुनसान छ । निषेधाज्ञा खुलेसँगै बढीभन्दा बढी पर्यटक गाउँ ल्याउने योजनामा यहाँका घरवास सञ्चालकहरु रहेका छन्।

पहिरोसहितको बाढीले आठ परिवार विस्थापित

पोखरापत्र संवाददाता

गलकोट, ३० जेठ

अबिरल वर्षापछि आएको बाढीले बडिगाड गाउँपालिकाका आठ परिवार विस्थापित भएका छन्।

बडिगाड गाउँपालिका–७ स्थित टुनिबोटमा पहिरोसहितको बाढीले आठ घरपरिवार विस्थापित भएपछि उहाँहरु अहिले आफन्त र गोठमा आश्रय लिएर बस्न बाध्य भएका छन्।

अव्यवस्थित रुपमा खनिएको सडकले घर माथिदेखि भलसहित आएको बाढीले स्थानीय मनबहादुर दमाई, नरबहादुर दमाई, खिमबहादुर दमाई, नवीन दमाई, गम्मरसिं गुरुङ, भूपाल गुरुङ, शेरबहादुर रोका र नरबहादुर गुरुङको घर बाढीले बस्नै नमिल्ने गरी क्षति पुर्‍याएको छ। विस्थापित भएका गम्मरसिं, भूपाल, शेरबहादुर र नरबहादुर आफन्तको घरमा आश्रय लिएका छन् भने चार दलित परिवार गाउँको खाली गोठमा बस्न बाध्य छन्। उनीहरुको अन्य कुनै जायजेथा नभएको बडिगाड गाउँपालिका–७ का अध्यक्ष कृष्ण गुरुङले जानकारी दिनुभयो । बुधबार राति आएको पहिरोसहितको बाढीले ती परिवारहरु विस्थापित हुनुपरेको हो।

आफूहरुको घरबाहेक अरु सम्पत्ति नभएकाले अब के गर्ने भन्ने समस्या र चिन्तामा रहेका नरबहादुर दमाइले बताउनुभयो । वडाध्यक्ष गुरुङले हाललाई गाउँमा छिमेकीहरुसँग सरसल्लाह गरेर खाली गोठ तथा घरमा व्यवस्थापन गरिएको भएपनि उनीहरुको दीर्घकालीन व्यवस्थापनका लागि प्रदेश र केन्द्र सरकारसँग समन्वय गरिरहेको जानकारी दिनुभयो।

व्यास ऋषिको १०८ फिट मूर्ति निर्माणार्थ सम्झौता

पोखरापत्र संवाददाता

दमौली, ३० जेठ

व्यास नगरपालिका-व्यास ऋषिको तपोभूमि शिव पाञ्चायन मन्दिर परिसर क्षेत्रमा महर्षि वेदव्यास ऋषिको १०८ फिट अग्लो मूर्ति निर्माणको लागि आइतबार दुईपक्षीय सम्झौता भएको छ।

व्यास नगरपालिकाका तर्फबाट नगर प्रमुख बैकुण्ठ न्यौपाने, कार्यकारी अधिकृत डिल्लीराम सिग्देल र गौरी पार्वती देव एण्ड शयर/ऋषि शक्ति जेभी काठमाडौंबीच सम्झौता भएको हो । बोलपत्रपश्चात रु पाँच करोड ५० लाख ५५ हजार ६४० (मूल्यअभिवृद्धि करसहित) मा दुई तलाको मूर्ति निर्माणको लागि सम्झौता भएको नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत सिग्देलले जानकारी दिनुभयो। एक वर्षमा सम्पन्न गर्ने गरी ठेक्का लगाइएको हो। व्यास पराशर क्षेत्रलाई धार्मिक पर्यटकीय केन्द्रका रुपमा लैजानको लागि व्यास नगरपालिका कार्यालय लागिपरेको छ। उहाँले भन्नुभयो, “काठमाडौंबाट मुक्तिनाथसम्म जाने पर्यटकहरु दमौली झरेर एक रात बस्ने गरी गन्तव्यस्थलको रुपमा विकास गर्न लागिएको हो ।” शिव पाञ्चायन संरक्षण समितिले व्यास नगरपालिकालाई जिम्मेवारी दिएपछि बहुवर्षीय योजनाअनुरुप क्रमशः निर्माण गर्दै लैजाने लक्ष्य रहेको नगरपालिकाले जनाएको छ । व्यास नगरपालिका कार्यालय र उक्त फर्मबीच भएको सम्झौताबमोजिम कार्यदिशाको मितिमा कार्य प्रारम्भ गरी तोकिएको समयमा सम्पन्न गर्नका लागि यो कार्यदिशा प्रदान गरिएको नगरप्रमुख बैकुण्ठ न्यौपानेले बताउनुभयो।

प्रवासीद्वारा पहिरो पीडितका ४० घर पुनःनिर्माण

पोखरापत्र संवाददाता

म्याग्दी, ३० जेठ

प्रवासीहरूले म्याग्दीका पहिरो पीडितका लागि ४० वटा आवास पुनःनिर्माण गरेका छन् । रोजगारी, अध्ययन, व्यापार, व्यवसायलगायत विभिन्न कामको सिलसिलामा विदेशिएका म्याग्देलीहरू आबद्ध म्याग्दी प्रवासी नेपाली सङ्घ (मोना)ले पहिरो पीडितको आवास पुनःनिर्माण गरेको हो।

मोनाको पुनर्वास कार्यदलका सदस्य दल शेरबुजाले पुनःनिर्माण भएका ४० घर स्थानीय तह र प्रशासनमार्फत पीडितलाई उपलब्ध गराइने बताउनुभयो । “मोनालाई जिम्मेवारी दिइएको घर पुनःनिर्माण सकिएको छ”, उहाँले भन्नुभयो, “निर्माण सकिएका घरमा केही पीडित सरिसकेका छन्।”

विश्वका विभिन्न देशमा रहेका म्याग्देलीहरूले आर्थिक सङ्कलन गरेर पहिरो पीडितको घर बनाएका हुन्। सम्बन्धित पालिका र जिल्ला प्रशासन कार्यालयले सिफारिस गरेका पीडितको घर पुनःनिर्माणका लागि छनोट गरिएको थियो । मोनाले प्रतिघर पुनःनिर्माणका लागि रु पाँच लाख खर्च गरेको छ। पहिरो पीडितको आवास पुनःनिर्माणका लागि मोनाले रुदुई करोड जुटाएको थियो। धवलागिरि गाउँपालिकामा १४, मालिकामा १०, मङ्गला, रघुगङ्गा, अन्नपूर्ण गाउँपालिका र बेनी नगरपालिकामा चार/चार वटा घर निर्माण भएका छन्। एउटा भान्छाकोठासहित तीन कोठे घर भूकम्प प्रतिरोधी क्षमताको हो।

प्रवासी, स्थानीय प्रशासन र पालिकाहरूसँग घर पुनःनिर्माणका लागि म्याग्दीको परोपकारी संस्था ओमकुमारी शान्ति कोषले संयोजन गरेको छ । पहिरोबाट अति प्रभावित धवलागिरि गाउँपालिकाको मराङ र मालिका गाउँपालिकाको बिममा एकीकृत बस्तीको अवधारणाअनुसार निजी आवास पुनःनिर्माण भएको छ। बिममा बिम-मालिका सङ्घले रु २० लाखमा खरिद गरेको जग्गामा मोनाले १० वटा घर निर्माण गरेको वडा अध्यक्ष रेशम जुग्जालीले बताउनुभयो । उहाँले बिमका अन्य पीडितले पनि आफैँ घर निर्माण गरिसकेका बताउनुभयो।

समुदायस्तरबाट आर्थिक स्रोत जुटाएर रु ३८ लाख ५० हजारमा मराङको राम्चेमा १६ र अस्कारेमा १२ रोपनी जग्गा खरिद गरिएको थियो। वडाध्यक्ष राजाराम सुवेदीले राम्चेमा थप छ र आस्कामा चार घर निर्माण सकिएको बताउनुभयो।

गत बर्खामा म्याग्दीमा पहिरोका कारण ३१ जनाको मृत्यु भएको थियो भने छ जना बेपत्ता भएका थिए । एकासी वटा बस्तीमा पहिरोका कारण क्षति भएका २४७ र जोखिममा परेका ८२१ घर स्थानान्तरणका लागि सिफारिस गरिएको थियो । पहिरोबाट भत्किएको, बगेको र पुरिएको घर पुनःनिर्माण गर्न रु पाँच लाखका दरले अनुदान उपलब्ध गराउन गत माघमा कार्यविधिस्वीकृत भएको थियो। गृह मन्त्रालयले पहिरो पीडितको घर पुनःनिर्माणका लागि गत वैशाख अन्तिम साता रु एक करोड आठ लाख पठाएको थियो। मोनाले बनाएका बाहेकका घर पुनःनिर्माण गर्नेलाई अनुदान उपलब्ध गराउन रु १० करोड ३५ लाख बजेट आवश्यक पर्छ। सङ्घ, प्रदेश सरकार र स्थानीय तहको अनुदानमा बन्ने घर पुनःनिर्माणले पनि तीव्रता पाएको धवलागिरि गाउँपालिकाका अध्यक्ष थमसरा पुनले बताउनुभयो।

वसुन्धरा अब आफ्नै ‘कुटी’मा

पोखरापत्र संवाददाता

बलेवा, ३० जेठ

सरकारले दिने सामाजिक सुरक्षा भत्ताको भरमा वसुन्धरा शर्माको चुल्हो बल्छ। परिवारमा अरू कोही छैनन्।

खेती गरेर खाने जमीन छैन, उमेरले पनि डाँडा काटेकाले काम गरेर खानसक्ने कुरै भएन । बिहे गरेको महिना नबित्दै श्रीमान्को मृत्यु भएपछि बिहेपछिका झण्डै ८० वर्ष उहाँले एकल जीवन बिताउनुभयो । आठ वर्षको उमेरमा उहाँको बिहे भएको थियो । बागलुङको जैमिनी नगरपालिका-१ कुश्मीशेराकी उहाँ ८८ वर्षकी हुनुभयो। उहाँको जिउने आधार एउटा सानो कुटी थियो । गत वर्षको वर्षायाममा त्यही कुटीमा समेत विपत्ति आइलाग्यो। गत भदौ २८ र २९ गतेको वर्षापछि जग नै भासिएर घर जमीनमुनि पुग्यो।

वसुन्धराले एक वर्ष निकै कष्टले बिताउनुभयो । घर भाँसिएपछि पीडाको सीमा रहेन। छिमेकीको घरमा आश्रय लिएर बस्नुभयो। वसुन्धारको खुशी एक वर्षपछि फर्किएको छ।

नगरपालिकाले भाँसिएको घर पुनर्निर्माण गरिदिएपछिवसुन्धराको आँखामा अहिले हर्षका आँसु देखिन्छन् । “बाससमेत हिँड्यो, अहिले नयाँ घर बनेको छ, पानी ओत्ने भो”, वसुन्धराले खुशी व्यक्त गर्दै भन्नुभयो, “आफ्नै झुप्रो प्यारो लाग्छ नि !” उहाँको घर बनाउन नगरपालिकाले रु ७० हजार अनुदान दिएको थियो । स्थानीय युवाले सहयोग अभियान घोषणा गरेका थिए।

नगरपालिकाले जिम्मेवारी लिएपछि युवाहरूले अभियान रोके । घर बनाउन डकर्मी र सिकर्मीको ज्याला रु ५० हजार र रु २० हजारको जस्तापाता उपलब्ध गराइएको वडा सदस्य रुद्रनाथ शर्माले बताउनुभयो । स्थानीय काठ र बाँस तथा ढुङ्गा माटोले उहाँका लागि एकछाने नयाँघर बनेको छ। एकल भएकाले खानाका लागि सामाजिक सुरक्षा भत्ता र एकदुईवटा अंशमा पाएका बारीमा फल्ने उपजले पुग्छ।

निषेधाज्ञाकै बीचमा आकर्षण बन्यो रूखमाथि बनेको ‘घर’

–कृष्ण न्यौपाने

दमौली, ३० जेठ

कोरोना भाइरस न्यूनीकरणका लागि तनहुँमा गत वैशाख २२ गतेदेखि निषेधाज्ञा छ। चारपटक थप भएको निषेधाज्ञा यही जेठ ३१ गतेसम्म जारी छ।

निषेधाज्ञाका कारण जिल्लाका पर्यटकीयस्थल यतिबेला सुनसान छ। भीडभाड रहने पर्यटकीयस्थलमा यतिबेला पर्यटक छैनन्।

म्याग्दे गाउँपालिका-२ स्थित ज्यानटाङ सामुदायिक वनमा निर्माण गरिएको रूखमाथि बनेको घरले भने सर्वसाधारण आकर्षित गरेको छ। निषेधाज्ञाकै बीचमा पनि सर्वसाधारण यस स्थानमा पुगिरहेका छन् । दैनिक १५-२० सर्वसाधारण यस ठाउँमा पुगिरहेका छन्।

रूखमाथि बनेको घर जिल्लाकै नयाँ पर्यटकीय गन्तव्य हो । डिभिजन वन कार्यालयको आर्थिक सहयोगमा सामुदायिक वनमा हरियाली उद्यानसहित रूखमाथि घर बनाइएको छ । गत फागुनदेखि निर्माण शुरु भएकामा घर निर्माण सकिए पनि उद्यानको काम भने पूरा नसकिएको सबडिभिजन वन कार्यालय म्याग्देका प्रमुख मनोज रानाभाटले जानकारी दिनुभयो।

“जिल्लामै नयाँ भएकाले यस ठाउँ सर्वसाधारणको गन्तव्यका रूपमा विकास भइरहेको छ”, उहाँले भन्नुभयो । उद्यान निर्माणका लागि वन कार्यालयले रु १२ लाख ५० हजार आर्थिक सहयोग गरेको छ । त्यसमा सामुदायिक वनले २० प्रतिशत अर्थात् रु दुई लाख ५० हजार लागत सहभागिता बेहोरेको छ। कूल १५ लाखको लागतमा उद्यान निर्माणको काम गरिएको हो।

पृथ्वीराजमार्गबाट दुई सय मिटरको दूरीमा रहेको उक्त ठाउँलाई पर्यटकीयस्थल बनाउने उद्देश्यबमोजिम उद्यानका साथै रूखमा घर बनाइएको हो। “उक्त ठाउँलाई पर्यटकको आकर्षणको केन्द्र बनाउन उक्त योजना अगाडि सारेका हौँ”, उहाँले भन्नुभयो, “रूखमा नै घर तनहुँ जिल्लामै पहिलो भएकाले यसले सर्वसाधारणको ध्यान खिच्नेछ ।” रूखलाई भित्र पारेर काठको घर निर्माण गरिएको छ । “दुई स्टेप बस्न मिल्ने गरी घर निर्माण गरिएको छ, पाँच/सातजना चढेर त्यहाँबाट दृश्यावलोकन गर्न मिल्नेछ”, उहाँले भन्नुभयो। उक्त ठाउँलाई वनभोजस्थलका रूपमा विकास गर्ने योजना छ । राजमार्गबाट नजीकै भएकाले पनि यस ठाउँले चर्चा पाउने विश्वास गरिएको छ।

डिभिजन वन कार्यालयमार्फत गत आर्थिक वर्षमा जिल्लाका तीन ठाउँमा उद्यान निर्माण गरिएको थियो । भिमाद नगरपालिका-१ किहुँस्थित शिवशक्ति सामुदायिक वन, शुक्लागण्डकी नगरपालिकास्थित च्वयनधाम र व्यास नगरपालिका-१४ स्थित छाब्दी वाराहमा पर्यापर्यटन उद्यानका लागि वन कार्यालयले आर्थिक सहयोग गरेको थियो।

चालु आर्थिक वर्षमा जिल्लामा छवटा उद्यान निर्माण हुँदैछ।हरितपार्ककार्यक्रमअन्तर्गत भिमाद नगरपालिका-८ पीपलडाँडामा रु १२ लाख ५० हजारको लागतमा उद्यान निर्माण गरिनेछ।

सामुदायिक वनमा पर्यावरण विकास सहयोग कार्यक्रमअन्तर्गत शुक्लागण्डकी नगरपालिका-१२ स्थित दलिमडाँडा सामुदायिक वन, म्याग्दे गाउँपालिका-१ स्थित वाराही सामुदायिक वनमा उद्यान निर्माण हुनेछ। यसका लागि वन कार्यालयले रु पाँच/पाँच लाख बजेट विनियोजन गरेको छ।

रोग र भोकका कारण कष्टकर जीवन बिताउँदै वृद्धा

– जनक श्रेष्ठ
लमजुङ, ३० जेठ (रासस)

“उमेर भइसक्यो असी, झन् ठूलो दुःखले घेरेको

सिमली छायाँमा बसी भरिया लामो सास फेरेको..!”

जनवादी गायक जीवन शर्माले गाउनुभएको गीतका यी हरफले बोलेझैँ उमेरले ८० नाघेकी सुन्दरबजार नगरपालिका-४ अर्चल्यानीकी टीकाकुमारी सेढाईंको उमेर जति घर्किंदो छ, दुःखको पहाडले त्यति नै थिच्दै गइरहेको छ।

तातो-चिसोको ख्याल गर्दै खानपिन र स्याहारसुसार पाउनुपर्ने अवस्थाकी ८७ वर्षीया यी वृद्धा निकै दयनीय र कष्टकर जीवन बाँचिरहनुभएको छ। तातो, नरम र मिठो-मसिनोको त कुरै छाडौँ साँझ-बिहानको दुःखको गाँससमेत आँसुसँग निल्दै आइरहनुभएको छ। वृद्धावस्थामा हेरचाह र स्याहारसुसार गर्ने परिवार र आफन्त नहुँदा रोग, शोक र उमेरको बोझले थलिनुभएकी सेढाईंको जीवन कष्टकर बन्दै गइरहेको हो।

उहाँ लामो समयदेखि एक्लै बस्दै आउनुभएको छ। पुरानो घर, त्यही माथि घरको विभिन्न ठाउँमा प्वालैप्वाल परेको छ। खाने, बस्ने ठाउँ राम्रो छैन। सुत्ने ओछ्याउने नहुँदा चिसो भुइँमै सुत्दै आउनुभएको छ। त्यही आफू सुत्ने तथा खाना पकाउने ठाउँमा बाख्रा राखेर त्यही बाख्रा राख्ने ठाउँमै सुत्ने गरेको उहाँले बताउनुभयो।

उहाँले भन्नुभयो, “आँखाले राम्रो ठम्याइ पाउँदिनँ, हत्तपत्त कान नि सुन्दिनँ, यताउता गर्न पनि भनेको बेला नसक्ने भइसकेकाले जीवनमा धेरै दुःख भइरहेको छ।” वृद्धाको घरमा न बिजुली बत्ती न कुनै उज्यालोको माध्यम नै छ। दिनमा जसोतसो गर्न सके पनि रातिको समयमा बाहिर शौचायलय जानु परेमा छामछाम छुमछुम गर्दै निस्कने गरेको र कुनै बेलामा त लड्ने गरेको उहाँले सुनाउनुभयो।

शारीरिक र आर्थिक अवस्थामा दयनीय जीवन बिताउन बाध्य वृद्धा सेढाईंले सुखको सपना देख्न नै बिर्सिसक्नुभएको छ। करिब २० वर्षअघि श्रीमान् महाकान्त सेढाईंको मृत्यु भएसँगै सहाराविहीन जीवनमा जसोतसो दिन बिताउँदै आएको उहाँले बताउनुभयो। उहाँले भन्नुभयो, “आफूपट्टि छ सन्तान भए पनि सबै खेर गएकाले श्रीमान्ले अर्की कान्छी श्रीमती ल्याउनुभयो। श्रीमान् हुँदा अलिअलि खानका लागि हेर्ने गर्नुहुन्थ्यो, श्रीमान् बितेपछि त कान्छीपट्टिका छोराछोरीले पनि हेर्दैनन्।”

“उनीहरू शहरमा बस्छन्। यहाँ मलाई एक छाक टार्नसमेत अरुको भर पर्नुपरेको छ”, उहाँले भन्नुभयो, “खानाका लागि माग्नलाई पनि अरुको घर घरै जान सक्दिनँ, कसैले ल्यायो भने, खान्छु नत्र कैयौँ दिन भोकभोकै पनि बस्दै आएकी छु। खानेपानी पनि घर नजिकै छैन, घरभन्दा तल अलि टाढा छ।” टाढा भए पनि जसोतसो गरेर ल्याउने गरेको वृद्धाले सुनाउनुभयो। उहाँको दुःख यति मात्र छैन। कान्छो छोरो जन्मेदेखि अर्थात् ३० वर्षदेखि छिनछिनमै पिसाब चुहिने समस्याले सताउँदै आए पनि हालसम्म पैसा नभएकाले उपचार गर्ने कुरा स्वर्ग पुग्नुजस्तै भइरहेको उहाँले बताउनुभयो।

उहाँले भन्नुभयो, “मर्न बरु सहिजो हुन्छ होला, बाँच्नलाई साह्रै गाह्रो भइरहेको छ। अलिअलि हिँड्न सकिरहेकी छु, बिरामी पर्दा र अझै उमेर ढल्दै जाँदा एक मुख पानी खानलाई पनि के गरेर खाने भन्ने चिन्ताले सताइरहेको छ।” उहाँले वृद्धाभत्ता चार/चार महिनामा रु १२ हजार माइती दाजुले बुझ्ने गरेको र आफूलाई रु पाँच हजार मात्रै दिने गरेको बताउनुभयो। त्यही रु पाँच हजारले चार/चार महिनामा मिठो-मसिनो खाने गरे पनि पर्याप्त नहुँदा खानलाई समेत समस्या हुने गरेको उहाँको भनाइ छ।

वृद्धा सेढाईं पहिला सक्ने बेलामा गाउँघरमा कसैको विवाह, व्रतबन्ध, पूजाआजा भएको बेलामा सालको पात टिपेर ल्याएर दुना, टपरी बुनेर दिने र सोवापत केही रकम तथा अन्नपात लिने र त्यहीबाट जीवन चलाउनुहुन्थ्यो। केही वर्षपछि हिँड्डुल गर्नै नसक्ने अवस्थामा पुगेपछि गाउँमा उहाँ जान छाडेको र खानलाई पनि समस्या पर्न थालेको स्थानीयवासी टेकबहादुर गुरुङले बताउनुभयो।

उहाँले भन्नुभयो, “गाउँलेले कहिलेकाहीँ दयामायाले खाना दियो भने खानुहुन्छ, नत्र आफैँ जानुहुन्न, काम पनि गर्न नसक्ने भएकाले कति दिन पटक-पटक भोकै पनि बस्दै आउनुभएको छ।” त्यस्तै अर्का स्थानीयवासी कृष्णप्रसाद अधिकारीले भन्नुभयो, “वृद्धाको अवस्था देखेर पनि गाउँलेले उहाँको उपचार गर्नेतर्फ ध्यान दिन नसकेकाले रोगसँग लडिरहनुभएको छ। उहाँको समस्या समाधान गर्नका लागि सबै गाउँ एकजुट भएर लाग्नुपर्छ।”

“लामो समयदेखि वृद्धाले शारीरिक अवस्था र आर्थिक अवस्थाले गर्दा विभिन्न समस्या झेल्दै आउनुभएको रहेछ, तर केही दिनअघि मात्र थाहा पाएँ”,सुन्दरबजार नगरपालिका प्रमुख जनकराज मिश्रले भन्नुभयो, “उहाँको बस्ने ठाउँ राम्रो, छैन, शौचालय छैन, धारा छैन, बिजुली रहेनछ, एउटा सुत्ने खाट पनि नरहेछ, यस्तो अवस्थामा रहेका उहाँलाई नगरपालिकाले ती सुविधा तथा व्यवस्था गर्नेछ।”

वृद्धामा वर्षौंदेखि पाठेघरको समस्या रहेकाले उपचार ढिलो भएको छ। ढिलै भए पनि अब निषेधाज्ञा खुलेपछि सुविधासम्पन्न अस्पतालमा लगेर जाँच गर्ने र आवश्यक उपचार गरिदिने उहाँको भनाइ छ। उहाँले भन्नुभयो, “यस्तो अवस्था रहेको जानकारी यहाँका स्थानीय राजनीतिक दल, समाजिक अगुवा, जनप्रतिनिधि एवं वडाध्यक्षले नगरपालिकामा जानकारी दिनुपर्थ्यो, नदिँदा हालसम्म पनि जानकारी भएन”, नगरप्रमुख मिश्रले भन्नुभयो, “ढिलै भए पनि उहाँलाई राज्य नभएको अनुभूति नहोस्, राज्य तथा सरकार छ भन्नका लागिसमेत उहाँको विभिन्न समस्यामा साथ दिँदै समाधानतर्फ स्थानीय सरकार अघि बढ्नेछ।”

छ मुख्य सडक कालोपत्रका लागि डिपिआर

पोखरापत्र संवाददाता
पर्वत, ३० जेठ

महाशिला गाउँपालिकाले मातहतका छ वटा मुख्य सडकको डिपिआर तयार गरेको छ।

गाउँपालिकाभित्र बाह्रैमास सडक सुविधा पुर्‍याउने उद्देश्यले सडक स्तरोन्नति तथा कालोपत्र गर्नका लागि छवटा सडकको डिपिआर तयार गरेको हो। पालिकाका सबै वडामा पुग्ने गरी ‘एक वडा, एक सडक’अन्तर्गत उक्त सडकको डिपिआर गरिएको गाउँपालिकाका प्रवक्ता जीवनविक्रम उच्चैले जानकारी दिनुभयो।

छवटा वडामा पहुँच पुर्‍याउने गरी करिब ४८ किलोमिटर लामो सडकको डिपिआर गरिएको गाउँपालिकाका प्रवक्ता उच्चैले जानकारी दिनुभयो। उहाँका अनुसार डिपिआर गरिएका सडकको कालोपत्र गर्नका लागि करिब रु दुई अर्ब ५० करोड लागत अनुमान गरिएको छ। डिपिआर सम्पन्न भएका सडकको कालोपत्र तथा स्तरोन्नतिका लागि प्रदेश तथा सङ्घीय सरकारबाट बजेट माग गर्ने र स्थानीय सरकारले साझेदारी गर्ने योजनासमेत बनाइएको छ।

गाउँपालिकाले वडा नं १ होश्राङ्दीमा अगाहगडी- पैयुभञ्ज्याङ सडक, वडा नं २ भोक्सिङमा सालडाडा-खोलाखर्क-पाखुरेडाँडा सडक, वडा नं ३ बालाकोटमा हिरूखर्क-निगाली-दियालीडाँडा-बारेडाँडा सडकको डिपिआर सम्पन्न गरेको हो। यसैगरी वडा नं ४ पाखापानीमा लाम्तुन-दर्जीडाँडा-थापथर, वडा नं ५ लुङ्खुदेउरालीमा लुङ्खुदेउराली-बान्द्रे-धनुमासे-सेरा सडक र वडा नं ६ फलामखानीका लागि घण्टेदेउराली-फलामखानी-घन्तरी सडकको डिपिआर तयार गरेको प्रवक्ता ठकुरीले जानकारी दिनुभयो।

यस वर्ष पालिकाले आफ्नै लगानीमा पाँच किलोमिटर सडकको कालोपत्रको काम अघि बढाएको छ भने दक्षिण पर्वत जोड्ने लमाय-लुङ्खु र लुङ्खुबाट पैँयुको हुवाससम्मको सडक समेत कालोपत्रको काम भइरहेको छ। डिपिआर गरिएका सबै सडक कालोपत्र भएपछि गाउँपालिका सडकयुक्त हुने अध्यक्ष राजुप्रसाद पौडेलले जानकारी दिनुभयो।

अस्पताललाई अक्सिजन सिलिण्डर

पोखरापत्र संवाददाता
बलेवा, ३० जेठ

राष्ट्रिय युवा परिषद् जिल्ला युवा समितिका पहलमा दमौली अस्पताललाई अक्सिजन सिलिण्डरसहित स्वास्थ्य सामग्री हस्तान्तरण गरिएको छ।

समितिका अध्यक्ष रीता ढकाल र युवा समाजसेवी अमरराज सोतीको विशेष पहलमा स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय स्वास्थ्य सेवा विभागको सहकार्यमा अस्पताललाई कोभिडविरुद्ध सामग्री हस्तान्तरण गरिएको हो।

अस्पताललाई तीन थान अक्सिजन सिलिण्डर, कोभिड-१९ गाउन सेट २००, मास्क दुई हजार थान, एक्जामिनेशन (लुज) ग्लब्स २५० जोर, फेससिल्ड सय थान, गम बुट १० जोर दमौली अस्पताल व्यवस्थापन समितिका अध्यक्ष प्रदीपराज अधिकारीलाई शनिबार हस्तान्तरण गरिएको छ।

विश्वव्यापी रूपमा फैलिएको कोरोना सङ्क्रमणबाट जिल्लाका नागरिकको स्वास्थ्य सुरक्षामा टेवा पुर्‍याउने उद्देश्य र कोरोना सङ्कटको जोखिम न्यूनीकरण गर्न सबैले आ-आफ्नो ठाउँबाट सक्दो सहयोग गर्नुपर्ने युवा समितिका अध्यक्ष ढकालले जानकारी दिनुभयो। यसैगरी व्यास नगरपालिकालाई स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका तर्फबाट आठ थान अक्सिजन सिलिण्डरसहितका स्वास्थ्य सामग्री प्राप्त भएको छ। कोभिड-१९ सङ्क्रमितको उपचारमा सघाउन मन्त्रालयले नगरपालिकालाई अक्सिजन सिलिण्डरसहितका स्वास्थ्य सामग्री सहयोग गरेको हो।

नगरपालिकाका अनुसार एक थान अक्सिजन कन्सन्ट्रेटर, पिपिई, अक्सिमिटर, मास्क, फेससिल्डलगायत स्वास्थ्य सामग्री प्राप्त भएको छ। सो सामग्री व्यास नगरपालिका-८ का युवा अभियन्ता अमर सोतीले नगरप्रमुख वैकुण्ठ न्यौपानेलाई हस्तान्तरण गर्नुभएको छ।

जुम्लामा एमबिबिएस पढाइ हुने : २५ सिट दिने आयोगको निर्णय

–शुरबहादुर सिंह
काठमाडौं, ३० जेठ (रासस)

अब जुम्लामा चिकित्सक उत्पादन गर्ने बाटो खुला भएको छ। कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान जुम्लामा चिकित्साशास्त्रको स्नातक तह (एमबिबिएस) कार्यक्रम सञ्चालन गर्न स्वीकृति प्राप्त गरेसँगै कर्णालीबासीको सपनाले सार्थकता पाएको हो। बहुप्रतिक्षित सो कार्यक्रम सञ्चालनका लागि चिकित्सा शिक्षा आयोगले स्वीकृति दिने निर्णय गरेको छ।

यही जेठ २९ गते सम्पन्न आयोगको बैठकले प्रतिष्ठानमा स्नातक तहको एमबिबिएस कार्यक्रम शुरुआत गर्न स्वीकृति दिने निर्णय गरेसँगै अब कर्णालीमा डाक्टरी पढाइको वैधानिक ढोका खुलेको हो।

आयोगका सूचना अधिकारी सेमन्तराज कोइरालाले प्रतिष्ठानमा एमबिबिएस कार्यक्रम शुरु गर्ने निर्णय भइसकेको जानकारी दिँदै चालु आर्थिक वर्षको शैक्षिक सत्रभित्र नै कार्यक्रम सञ्चालन हुने जानकारी राससलाई दिनुभयो। “कोभिड-१९ का कारण निर्णयसहितका प्रक्रियामा ढिलो भए पनि यही शैक्षिक सत्रमा एमबिबिएस कार्यक्रम सञ्चालन हुन्छ”, उहाँले भन्नुभयो, “हाललाई एमबिबिएस सञ्चालन गर्न प्रतिष्ठानलाई करीब २५ सिट दिने गरी निर्णय भएको छ।” आधिकारिकरूपमा एक/दुई दिनभित्रै आयोगका बैठकका निर्णय सार्वजनिक गरिने उहाँको भनाइ थियो।

प्रतिष्ठानका शिक्षाध्यक्ष प्राडा निरेश थापाले घरआगनमा डाक्टर बन्ने कर्णालीमा मेघावी छात्रछात्राको सपना पुरा भएको बताउनुभयो। उहाँले भन्नुभयो“ कर्णालीलाई मेडिकल हब बनाउने ढोका खुलेको छ। प्रतिष्ठानमा एमबिबिएस र एमडी कार्यक्रम सञ्चालनले गुणस्तरीय स्वास्थ्य सेवा र चिकित्सा शिक्षा सुनिश्चित गर्न थप कोशेढुङ्गाको गर्नेछ।”

प्रतिष्ठानमा चिकित्सा शिक्षाको स्नातकोत्तर तहको अध्यापन शुरुआत भइसकेको छ। प्रतिष्ठानमा स्नातोकत्तर तहमा भक्तपुरका डा रहिस कोजु, काठमाडौं निवासी डा प्रशंसा ताम्राकार र कपिलवस्तुका डा वेदकुमार चौधरी जनरल ‘एमडी इन जनरल प्राक्टिस तथा इमरजेन्सी मेडिसिन’ विषयमा अध्ययनरत हुनुहुन्छ। यसैगरी दार्चुला (हाल धनगढी) निवासी डा ललितसिंह धामी एनेस्थेसिया र बारा कलैयाका मुन्ना केशरी पेडियाट्रिक्समा स्नाकोत्तर तहमा अध्ययनरत हुनुहुन्छ।

शिक्षाध्यक्ष प्राडा थापाले कर्णालीको समग्र स्वास्थ्य सुधारमा बहुप्रतिक्षित एमबिबिएस कार्यक्रमले सहयोग गर्ने जनाउँदै यसका लागि सरकारलई धन्यवाद दिनुभयो। “स्नातक तहको डाक्टरी पढाइ कर्णालीको विकासको कोशेढुङ्गा हो”, उहाँले भन्नुभयो, “अब हामी अब्बल चिकित्सक उत्पादनमा हाम्रो ध्यान जानेछ।”

विशेष गरी ती दुवै शैक्षिक कार्यक्रम प्रतिष्ठानमा सञ्चालनका लागि आवश्यक पाठ्यक्रम, भौतिक पूर्वाधार, जुम्ला अस्पतालको स्तरोन्नति, उपकरण थप , दक्ष जनशक्ति (शिक्षक)को व्यवस्थापनमा प्रतिष्ठानका पूर्व उपकुलपति प्राडा राजेन्द्रराज बाग्लेको अथक योगदान थियो। उहाँले भन्नुभयो“कर्णालीको स्वास्थ्य सुधारमा नयाँ युगको शुरुआत भएको छ। अब उत्कृष्ठ अध्यापनमा जोड दिनुपर्छ।”

एमबिबिएस कार्यक्रम शुरु हुने भएपछि ‘कर्णालीमा आउ, डाक्टर बनेर जाउँ’ भन्ने कर्णालीबासीको सपना अब पुरा हुने निश्चित भएको कर्णाली प्रदेशका पूर्व आन्तरिक मामिला तथा कानूनमन्त्री नरेश भण्डारीले बताउनुभयो। “अब कर्णालीले मुलुकमा स्वास्थ्य सेवा पुर्‍याउने गरी डाक्टर जनशक्ति उत्पादन गर्दछ”, उहाँले भन्नुभयो, “विगतमा रोग, भोक, गरिबी, अशिक्षा र उपेक्षामा परेको कर्णालीले मुलुकका उपेक्षित र स्वास्थ्य सेवाको पहुँचमा नरहेका नागरिकहरूसमक्ष सेवा पुर्‍याउने मर्मलाई आत्मसात् गर्दै आफ्नो गन्तव्य तय गर्छ।”

प्रतिष्ठानका प्रमुख प्रशासकीय अधिकृत अमृत भण्डारी प्रतिष्ठानमा चिकित्सा शास्त्रका थप नयाँ कार्यक्रम सञ्चालनका तयारी भइरहेको जानकारी दिँदै एमबिबिएस र एमडी कार्यक्रमले चिकित्सा शिक्षामा नयाँ ढोका खुला गरेको जानकारी दिनुभयो। उहाँले भन्नुभयो“प्रतिष्ठानले कर्णालीबासीलाई गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गरिरहेको छ।अब सेवाका साथसाथमा शिक्षामा जोड दिन्छौ।”

कोरोना परीक्षण तथा उपचारमा प्रतिष्ठानद्वारा सञ्चालित जुम्ला अस्पतालले देशमा नै उत्कृष्ठ सेवा पुर्‍याउँदै आएको छ। प्रतिष्ठानले कर्णालीका डाक्टर अभाव भएका अस्पताल तथा पालिकामा डाक्टरको व्यवस्था समेत गर्दै आएको छ।

विगतमा सिटामोलको चक्की नपाउने कर्णाली आज विशेषज्ञ डाक्टरसहितको जनशक्ति उत्पादन गर्ने थलोमा रुपान्तरण भएको छ। इच्छाशक्तिका अगाडि असंभव ठानिएका हरेक कुरा असत्य साबित हुँदा रहेछन् भन्ने चरितार्थ दुर्गम कर्णाली प्रदेशको जुम्लामा भइरहेको स्नातकोत्तर तहको चिकित्सा शिक्षाको पठनपाठन र चालु आवभित्रै शुरु हुने एमबिबिएस कार्यक्रमले पुष्टि गरेको छ।

आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो।
इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो ॥

हार्दिक श्रद्धाञ्जली



जन्मः
वि. स. १९९०/०३/१५ गते

स्वर्गारोहणः
वि.स. २०७८/०२/२३ गते

स्वः घिउ कुमारी श्रेष्ठ

हाम्रो ‘फूलबारी नेवाः गुठी’ पोखरा–११ का वरिष्ठ सदस्य क्या. कृष्ण बहादुर श्रेष्ठ तथा लक्ष्मण श्रेष्ठ र रुद्र कुमार श्रेष्ठकी ममतामयी आमा **घिउ कुमारी श्रेष्ठ** को ८८ वर्षको उमेरमा असामयीक निधन भएकोमा गुठी परिवार अत्यन्त मर्माहत एवं स्तब्ध भएका छौं। उहाँको दिवंगत आत्माको बैकुण्ठवास एवं चीरशान्तिको कामना गर्दै आज नवौं दिनको पुण्यतिथिमा हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौँ। साथै शोकसन्तप्त परिवारजनप्रति यस दुःख र पिडाको कठिन घडीमा धैर्य धारण गर्ने शक्ति भगवानले प्रदान गरुन् भनी कामना गर्दै हार्दिक समवेदना व्यक्त गर्दछौँ।

अध्यक्ष- शान्त कुमार श्रेष्ठ
सचिव- शान्तरत्न गुभाजू
कोषाध्यक्ष- नारायण श्रेष्ठ
सक्रिय सदस्य- महेश कुमार श्रेष्ठ
सदस्यहरूः

गोपीमान श्रेष्ठ
भक्तमान श्रेष्ठ
देव कुमार श्रेष्ठ
बाबुराम श्रेष्ठ
संजिव श्रेष्ठ
राधाकृष्ण श्रेष्ठ
क्या. गणेश कुमार श्रेष्ठ

सूर्य श्रेष्ठ
रत्नमान श्रेष्ठ
अधिवक्ता- सोम बहादुर श्रेष्ठ
गुप्तमान श्रेष्ठ
बसन्त श्रेष्ठ
मान कुमार श्रेष्ठ
ध्रुव श्रेष्ठ

रवि सुन्दर श्रेष्ठ
उत्तम कुमार श्रेष्ठ
कृष्ण मानान्धर
डिल्लुराम श्रेष्ठ
प्रताप श्रेष्ठ

तथा
फूलबारी नेवाः गुठी परिवार